विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/१२/२० मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | अधिंकृतस्तर छैटौं तहका कर्मचाहरूको तह वृद्धि/बढुवा सम्बन्धी उच्च अदालत, विराटनगरको फैसला कार्यान्वयन सम्बन्धमा। | तत्कालीन स्थानीय निकाय (विराटनगर उपमहानगरपालिका) हुँदाकै बखत सेवा प्रवेश गरी विभिन्न पदमा नियुक्ति तथा स्तर वृद्धि भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५(३) बमोजिम विराटनगर महानगरपालिकामा स्वतः समायोजन भएर स्थानीय सरकारी सेवाको विभिन्न सेवा/समूहको अधिकृतस्तर छैटौं तहको पदमा कार्यरत रहेका श्री हिरालाल यादव (भेटेरीनरी प्राविधिक अधिकृत), श्री गोपाल निरौला (कम्प्युटर अपरेटर अधिकृत), श्री रामहरी कोइराला (अधिकृत), श्री केवल पोखरेल (अधिकृत), श्री मनोज मल्लिक कायस्थ (अधिकृत), श्री राजकुमार विश्वास (अधिकृत), श्री जोगेन्द्र विश्वास (अधिकृत), श्री सरस्वती ढकाल (अधिकृत), श्री चन्द्रानन्द यादव (अधिकृत) समेतले कार्यरत रहेको तहबाट एक तह वृद्धि गरी तह मिलान गरी पाऊँ भनी सम्मानित उच्च अदालत, विराटनगरमा मुद्दा दायर गरेको (मुद्दा नं. ०८०-WO-०७९०) र सोमा सम्मानित अदालतबाट मिति २०८१/११/२६ मा परमादेश जारी भएको हुँदा उक्त परमादेशको आशय अनुरुप विगतदेखि हालसम्म कर्मचारीको स्तर वृद्धि/तह वृद्धि/बढुवा/तह मिलानको सम्बन्धमा अख्तियार गरिएका कानूनी प्रावधानका नीतिगत आधार र कारण लगायत संवैधानिक तथा कानूनी व्यवस्थामा विद्यमान समानताको सिद्धान्तलाई समेत मध्यनजर गर्दै एवम् परमादेशको मर्म र भावनालाई आत्मसात् गरी निजहरू (प्रदेश लोक सेवा आयोगमार्फत अधिकृतस्तर सातौं तहमा बढुवा भइसकेका श्री जोगेन्द्र विश्वास बाहेक) लाई माथिल्लो तहको पद स्वतः सिर्जना भई तल्लो दरबन्दी खारेज हुनेगरी अधिकृतस्तर सातौं तहमा तह वृद्धि गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | कोशी राजमार्ग अन्तर्गतको पहडगछ ढाटदेखि रानी नाकासम्मको सडक खण्डको विद्युतीकरण योजना सम्बन्धमा। | कोशी राजमार्ग अन्तर्गत विराटनगर महानगरपालिका क्षेत्रभित्रको पहडगछ ढाटदेखि रानी नाकासम्मको सडक खण्डमा सडकको बिच भागमा डबल-आर्म विद्युत पोल जडान गरी विद्युत तार (लाइन) विस्तार गरेर सडक बत्ती जडान गर्ने योजनाका लागि जम्मा रु.६,२०,३८,८४२।४५ (मू.अ.क. समेत) को प्राविधिक लागत अनुमान भएको र महानगरपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममा कोशी राजमार्गमा विद्युतीकरण शीर्षकमा रु.२,५०,००,०००।० मात्र रकम विनियोजन भएको साथै उल्लिखित योजना कार्यान्वयनका लागि समय समेत लाग्ने भएकाले आगामी आ.व.मा थप बजेट व्यवस्था गर्नेगरी उक्त योजनालाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी बहुवर्षीय योजना कायम गरेर सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विविध।<br>प्रति लिपि<br>अधिकृत प्रमाणित | (क) नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिमको विराटनगर महानगरपालिकाको नगर विकास समितिमा उक्त दफाको उपदफा ४.२.६ मा भएको व्यवस्था बमोजिम मिति २०७९/०९/२६ मा बसेको नगर कार्यपालिका बैठकको निर्णयबाट श्री अन्जु दाहाल (विराटनगर ५) लाई सदस्यमा मनोनयन गरिएकोमा निजलाई हटाई महानगरपालिकाको विकासमा महत्वपूर्ण योगदान गर्दै आउनुभएका समाजसेवी श्री कोपिला थापा (विराटनगर ३) लाई सदस्य मनोनयन गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td></td><td></td><td>

(ख) गत मार्च २८, २०२५ मा ७.७ म्याग्निच्युडको शक्तिशाली भूकम्प र ६.४ म्याग्निच्युडको पराकम्प समेतले म्यानमार र थाइल्याण्डमा ठूलो क्षति भएकाले UCLG ASPAC ले उल्लिखितका प्रभावित क्षेत्रमा सहयोग गर्नका लागि अनुरोध भइआएको हुँदा उक्त संस्थामार्फत अमेरीकी डलर दुई हजार मात्र रकम राहत सहयोग उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

(ग) गत नगर सभाको पन्ध्रौं अधिवेशनबाट संशोधित कार्यक्रम तथा बजेटमा वडास्तरीय योजना अन्तर्गत वडा नं. ३ को सिर्जनशील मार्ग (मोर्डन एरा स्कुलपूर्व) बिचबाट नाला हुनुपर्नेमा त्रुटीवश सिर्जनशील मार्ग (मोर्डन एरा स्कुलपूर्व) रिटेनिङ वाल भएको र नगरस्तरीय योजना अन्तर्गत समृद्ध समाज नेपाल, सिपमूलक तालिम सञ्चालन हुनुपर्नेमा त्रुटीवश समृद्ध नेपाल, सिपमूलक तालिम सञ्चालन भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उल्लिखित योजनाहरू सच्याई कार्यान्वयन गर्ने/गराउने सर्वसम्मतिले निर्णय गरियो।

(घ) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को कार्यक्रम तथा बजेटमा "लक्षित वर्ग कार्यक्रम आदिवासी जनजाति, मुस्लिम, अल्पसङ्ख्यक तथा पिछडा वर्ग लक्षित कार्यक्रम" शीर्षक (पाना नं. ७०, सि.नं. ३३५) मा एकमुष्ट विनियोजित रकम रु.२०,००,०००।- बाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उल्लिखित बमोजिमको लक्षित वर्गका लागि देहाय अनुसारको सिपमूलक तालिम सञ्चालन गर्न/गराउन देहाय अनुसार बजेट व्यवस्था गर्ने मिति २०८१/११/१८ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो।

<table>
<tr><th>क्र.स.</th><th>तालिमको नाम</th><th>बजेट (रु.)</th></tr>
<tr><td>१</td><td>कृष्टलका विभिन्न प्रकारका गहनाहरू बनाउने तालिम</td><td>५,००,०००।-</td></tr>
<tr><td>२</td><td>बारिस्ता (कफी बनाउने) तालिम</td><td>५,००,०००।-</td></tr>
<tr><td>३</td><td>बेकरी (केक लगायत बनाउने) तालिम</td><td>५,००,०००।-</td></tr>
</table>

(ङ) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को कार्यक्रम तथा बजेटमा लक्षित वर्ग कार्यक्रम (आदिवासी जनजाति, दलित, मधेशी, अल्पसङ्ख्यक तथा यौनिक अल्पसङ्ख्यक लगायत) अन्तर्गत दलित वर्ग उत्थान कार्यक्रम शीर्षकमा एकमुष्ट विनियोजित रकम रु.७,००,०००।- बाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उल्लिखित बमोजिमको लक्षित वर्गका लागि देहाय अनुसारको सिपमूलक तालिम सञ्चालन गर्न/गराउन देहाय अनुसार बजेट व्यवस्था गर्ने मिति २०८१/११/१८ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो।

<table>
<tr><th>क्र.स.</th><th>तालिमको नाम</th><th>बजेट (रु.)</th></tr>
<tr><td>१</td><td>व्यवसाय उत्प्रेरणा र विकास सम्बन्धी तालिम</td><td>४,००,०००।-</td></tr>
<tr><td>२</td><td>बेहुलीका विभिन्न किसिमका जुत्ती तथा चप्पलहरू बनाउन सिकाउने तालिम</td><td>३,००,०००।-</td></tr>
</table>

</td></tr>
</table>

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

<table>
<tr><th>क्र.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
(च) विराटनगर महानगरपालिकाको आ.व. २०८१/०८२ को कार्यक्रम तथा बजेटमा वडा नं. २ को वडास्तरीय कार्यक्रम अन्तर्गत स्वीकृत देहायका योजनाहरूको कार्यान्वयनको सन्दर्भमा केही बजेट अपुग भएकाले सोही वडाको वडास्तरीय योजना अन्तर्गतको मर्मत सम्भार (पाना नं. १०८, सि.नं. ७५) शीर्षकमा विनियोजित रकमबाट आगामी नगर सभाबाट अनुमोदन हुनेगरी निम्न बमोजिम अपुग रकम व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।
<table>
<tr><th>क्र. स.</th><th>योजनाको नाम</th><th>विनियोजित रकम (रु.)</th><th>थप गर्ने रकम (रु.)</th></tr>
<tr><td>१</td><td>वडा कार्यालय दक्षिण जाने सडकको अधुरो नाला निर्माण</td><td>६,००,०००।-</td><td>२,७३,६७६।-</td></tr>
<tr><td>२</td><td>चित्रगुप्त छठीमाता मन्दिर</td><td>६,००,०००।-</td><td>२,२८,९१३।-</td></tr>
<tr><td>३</td><td>कमलपोखरी ज्येष्ठ नागरिक अधुरो भवन र रिटेनिङ वाल</td><td>९,००,०००।-</td><td>२,४७,४७५।-</td></tr>
</table>
(छ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्थानीय स्वास्थ्य सेवा/हे.इ. समूह/अधिकृतस्तर सातौं तह/जनस्वास्थ्य अधिकृत श्री हैदर अली (क.स.नं. १९८५४७) ले तोकिएको जिम्मेवारी उचित ढङ्गले निर्वाह गर्न नसकेकाले जिम्मेवारीबाट मुक्त गरिएकोमा निजलाई यस महानगरपालिकामा राखी राख्न उपयुक्त नदेखिएको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम निजलाई अर्को स्थानीय तहमा सरुवा गरिदिनु हुन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।
(ज) विराटनगर महानगरपालिका अन्तर्गतको रानी आधारभूत अस्पतालमा USG Machine व्यवस्थापन गर्नका लागि आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम तथा बजेटमा स्वास्थ्य विकास कार्यक्रम अन्तर्गत USG Machine खरिद शीर्षकमा रु.२५,००,०००।- रकम विनियोजन भएकोमा उक्त बमोजिम USG Machine खरिदका लागि बजेट अपुग हुने भएकोले महानगर अस्पताल भौतिक पूर्वाधार तयारी तथा व्यवस्थापन शीर्षकमा विनियोजित रु.२७,००,०००।- रकमबाट रु.६,२५,०००।- रकमान्तर गरी अपुग रकम व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो।
</td></tr>
</table>

अधिकृत आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिका कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश